# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

V9F8+RM

च.न.
प.स. २०८०/२०८१

### आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मिति : २०८०/०४/०२ गते ।)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामति सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामति सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारी, शिक्षक, जनप्रतिनिधि/पदाधिकारीहरूले आर्थिक वर्ष समाप्त भएको ६० (साठी) दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था रहेको छ । तसर्थ : आ.व. २०७९/८० को सम्पत्ति विवरण निर्धारित ढाँचामा भरी छुट्टाछुट्टै खामबन्दी गरी खाम बाहिर देहाय बमोजिमको विवरण सहित जनप्रतिनिधि/पदाधिकारी, स्थानीय तहका कर्मचारि(स्थायी र करार) र शिक्षक (करार) हरूको हकमा रैनादेवी छहरा गाउँकार्यपालिकाको कार्यालय मार्फत प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थायी शिक्षकहरूको हकमा शिक्षक किताबखाना र निजामति कर्मचारीको हकमा सिधै राष्ट्रिय किताबखानामा निर्धारित समयमा आफ्नो सम्पत्ति विवरण अनिवार्य दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समयावधिभित्र सम्पत्ति विवरण पेश नगरेमा रु. ५,०००/- (पाँच हजार रुपैयाँ) जरिवानाका साथै पुनः सम्पत्ति विवरण पेश गर्नुपर्ने भएकोले सम्पत्ति विवरण भर्न/भराउन सम्बन्धित सबैमा अनुरोध छ ।

**सम्पत्ति विवरणको खाम बाहिर उल्लेख गर्नुपर्ने विवरण :**

**कर्मचारीहरूको हकमा:**

आ.व. २०७९/८० को सम्पत्ति विवरण:

| | |
|---|---|
| कर्मचारी संकेत नं: | श्रेणी/तह: |
| नाम थर: | पद/दर्जा: |
| कार्यरत कार्यालय: | सेवा/समूह: |
| मोबाइल नं: | इमेल ठेगाना: |

**जनप्रतिनिधिहरूको हकमा:**

आ.व. २०७९/८० को सम्पत्ति विवरण:

| | |
|---|---|
| नाम थर: | प्रदेश: |
| जिल्ला: | स्थानीय तहको नाम: |
| हालको पद/दर्जा: | वडा नं: |
| मोबाइल नं: | इमेल ठेगाना: |

**शिक्षकहरूको हकमा:**

आ.व. २०७९/८० को सम्पत्ति विवरण:

| | |
|---|---|
| शिक्षक संकेत नं: | तह: |
| नाम थर: | जिल्ला: |
| कार्यरत विद्यालय: | श्रेणी: |
| मोबाइल नं: | इमेल ठेगाना: |

लिलामणि बश्याल
नि. प्रमुख प्रशासकीय अधिकृत